# लिम्चुङबुङ गाउँपालिका

# स्थानीय राजपत्र

## खण्ड (८) संख्या (३) बाराहा, उदयपुर, कोशी प्रदेश, नेपाल

कार्यपालिकाबाट पास गरेको मितिः २०८१/११/०१

**भाग-२**

**लिम्चुङबुङ गाउँपालिकाको विद्यालय अनुदान व्यवस्थापन सम्बन्धी कार्यविधि-२०८१**

लिम्चुङबुङ गाउँपालिकाको कार्यपालिका वैठकबाट स्वीकृत यो कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम लिम्चुङबुङ गाउँपालिकाको स्थानीय राजपत्र सम्बन्धी कार्यविधि, २०७४ अनुसार सर्वसाधारणको जानकारीका लागी प्रकाशन गरिएको छ ।

**२०८१ सालको कार्यविधि नं. ०२**

स्थानीय राजपत्र

# विद्यालय अनुदान व्यवस्थापन सम्बन्धी कार्यविधि-२०८१

**प्रस्तावना**

संवैधानिक रूपमा आधारभूत तहसम्म अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउनुपर्ने संवैधानिक प्रत्याभूतिलाई कार्यान्वयन गर्न तथा अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र नियमावली २०७७ बमोजिम बालबालिकाको पढ्न पाउने अधिकारप्रति जवाफदेही बन्नको लागि विद्यालयले विभिन्न शैक्षिक सुधारका गतिविधिहरु गर्न विद्यालयमा भएको शिक्षक अभावलाई लिम्चुङबुङ ज्ञान र सिपको उज्यालो पाईलाहरु अभियान मार्फत एस. ई.ई., प्रमाणपत्र तह, स्नातक का स्नातकोत्तर तह उत्तीर्ण गरेका युवालाई शिक्षक स्वयंसेवकका रुपमा प्रभावकारी र पारदर्शी ढङ्गले परिचालन गर्न अनुदान निकासा दिन वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी लिम्चुङबुङ गाउँपालिकाले विद्यालय अनुदना कार्यविधि २०८१ बनाई लागू गरेको छ।

## परिच्छेद एक
## प्रारम्भिक

१ **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "विद्यालय अनुदान व्यवस्थापन सम्बन्धी कार्यविधि २०८१" रहेको छ ।

२ यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

**क) "विद्याल"** भन्नाले प्रचलित कानून बमोजिम अनुमति वा स्वीकृति लिई सञ्चालनमा रहेको सामुदायिक विद्यालय सम्झनुपर्छ ।

**ख) "समित"** भन्नाले स्वयंसेवक शिक्षक छनौट तथा सिफारिस समिति सम्झनुपर्छ ।

**ग) "स्थानीय तह"** भन्नाले लिम्चुङबुङ गाउँपालिका सम्झनुपर्छ ।

**घ) "शैक्षिक सुधारको कार्यक्रम"** भन्नाले लिम्चुम्बुङ गाउँपालिकाको गाउँसभाबाट विनियोजित अनुदान रकम गाउँ कार्यपालिकाको निर्णयअनुसार विद्यालयमा निकासा भएको अनुदान रकम विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम खर्च गर्ने कार्यक्रमहरु सम्झनुपर्छ ।

**ङ) "गाउँ शिक्षा समिति"** भन्नाले लिम्चुङबुङ गाउँपालिकाको गाउँ शिक्षा समिति सम्झनुपर्छ ।

**च) शिक्षा शाखा भन्नाले** गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखालाई सम्झनुपर्दछ।

**छ) "अनुदान व्यवस्थापन"** भन्नाले गाउँसभाबाट विनियोजित बजेट गाउँ कार्यपालिकाको निर्णयअनुसार खर्च गर्ने गरी विद्यालयलाई निकासा गरिएको रकम बुझ्नुपर्दछ।

**ज) अध्यक्ष"** भन्नाले लिम्बुङवुङ गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ।

ञ) **"प्रमुख प्रशासकीय अधिकृत भन्नाले** लिम्बुङवुङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ

**झ) "विद्यालय व्यवस्थापन समिति"** भन्नाले सम्बन्धित प्रचलित कानुन बमोजिम गठन भएको सम्बन्धित विद्यालयको व्यवस्थापन समिति सम्झनु पर्छ ।

**३. उद्देश्यहरुः**

क) शैक्षिक सुधारका विभिन्न क्रियाकलापहरू सञ्चालन गर्नु ।

ख) विद्यालयमा दीर्घकालीन स्रोतको व्यवस्थापन गर्न विभिन्न अक्षय कोष तथा परियोजना लगायत दिगोपनका कियाकलापहरू सञ्चालन समन्वय रेखदेख तथा व्यवस्थापन गर्नु ।

ग) युवा वर्गमा शिक्षण सीप, दक्षता र नेतृत्व विकासको अवसर उपलब्ध गराउनु ।

घ) विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिमा सघाउ पुर्याउनु ।

ङ) सामुदायिक विद्यालयमा बास शिक्षक, प्राथमिक निम्न माध्यमिक र माध्यमिक तहमा गणित, अंङ्ग्रेजी विज्ञान र अन्य आवश्यक विषयमा देखिएको शिक्षक अभावलाई आंशिक रुपमा पूर्ती गर्नु ।

च) एस.ई.ई. कक्षा १२ वा सो सरह (प्रमाणपत्र तह), स्नातक वा स्नातकोत्तर उत्तीर्ण गरेका शिक्षित आयक युवाहरुलाई स्वयंसेवा मार्फत राष्ट्रसेवा गर्ने मौका उपलव्ध गराई गाउँपालिका र देशको भौगोलिक स्थितिको ज्ञानका साथै व्यावहारिक तथा जीवनोपयोगी सीप एवं ज्ञान प्राप्त गर्ने अवसर प्रदान गर्नु ।

## परिच्छेद २

### ४ निकासा प्रक्रिया

क) गाउँसभाबाट विनियोजित बजेटबाट यस गाउँपालिकाका सामुदायिक विद्यालयहरूमा कक्षागत तथा विषयगत शिक्षक अनुपातको आधारमा त्रैमासिक रुपमा बजेट विद्यालयमा अनुदान निकासा गरिनेछ।

ख) अनुदान निकासा गर्दा विद्यालयको आवश्यकता, क्षमता र मागको आधारमा गाउँसभाबाट विनियोजित एकमुष्ट रकम कार्यपालिकाको निर्णय अनुसार विद्यालयहरूमा वितरण गरी अनुदान निकासा गरिनेछ ।

ग) गाउँपालिकाको शिक्षा शाखामा जनशक्ति कम भएको कारण सेवा प्रवाह गर्न कठिनाइ भएको अवस्थामा विद्यालयबाट शिक्षकलाई कामकाजमा ल्याएको अवस्थामा सो विद्यालयलाई समेत कार्यपालिकाको निर्णय अनुसार अनुदान निकासा गरिनेछ।

घ) विद्यालयमा अनुदान निकासा गरिएको रकम विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार खर्च गरी सोको बिल भरपाई तथा लेखा परीक्षणको प्रतिवेदन गाउँपालिका शिक्षा शाखामा पेश गर्नुपर्नेछ।

ङ) अनुदान रकम विद्यालयले अनियमित गरे तथा कार्य क्षमता र कार्य दक्षताको आधारमा खर्च गर्न नसके अनुदान निकासा प्रक्रिया सो विद्यालयलाई उपलब्ध गराइने छैन ।

### ५ विद्यालयले खर्च गर्ने प्रक्रिया

क) गाउँसभाबाट विनियोजित रकम गाउँ कार्यपालिकाको निर्णयअनुरूप विद्यालयमा निकासा हुने अनुदान रकमबाट विद्यालयले विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार देहायबमोजिमको कार्यहरू गर्न सककिनेछ ।

अ) कक्षागत तथा विद्यार्थीगत अनुपातमा शिक्षक सङ्ख्या कम भए को विद्यालयमा सो कार्य करार सम्झौता गरि व्यवस्थापन गर्न सक्नेछ ।

आ) विद्यालयको शैक्षिक सुधार तथा सचेतना र विपन्न छात्रवृति कार्यहरू सञ्चालन गर्न सकिनेछ ।

इ) विद्यालयको शैक्षिक सुधारका लागि पारिश्रमिक, ललित कला प्रदर्शनी, विज्ञान तथा वातावरण प्रदर्शनी, साहित्य महोत्सव, सचेतनामूलक नाटक, विभिन्न खेलकुदका कार्यक्रमहरू, शिक्षक तालिम, पाठ योजना निर्माण तथा कार्यान्वयन, सिकाई सामग्री निर्माण संप्ताह सञ्चालन, स्वच्छ खानेपानी सुरक्षित जिन्दगानी कार्यक्रम, तलब भत्ता विद्यार्थी परामर्श, सिर्जनात्मक प्रयोगात्मक तथा परियोजनामा बाधारित आन्तरिक मूल्याङ्कन मापदण्ड २०८१ ले निर्दिष्ट गरेका कियाकलापहरु सञ्चालन गर्न सकिनेछ ।

ई) कक्षागत तथा विषयगत रूपमा न्यून दरबन्दी भएको तथा शिक्षक विद्यार्थी अनुपातको आधारमा विषयगत शिक्षकको व्यवस्थापन गर्न सकिनेछ ।

उ) विद्यालयमा निकासा भएको अनुदान रकमको वार्षिक रूपमा प्रतिवेदन तयार गरी शिक्षा शाखामा बुझाउनु पर्नेछ। प्रतिवेदन तयार गरी बुझाउने प्रमुख जिम्मेवारी प्रधानाध्यापकको हुनेछ ।माथि जुनसुकै कुरा लेखिएको भए तापनि नियम इ मा निर्दिष्ट रहेको क्रियाकलाप सञ्चालन गर्नको लागि विद्यालयले शिक्षा शाखा मार्फत प्रस्ताव पेश गरी शिक्षा समितिबाट स्वीकृत लिएर मात्र गर्न सकिनेछ।

**६) कार्यक्रमको निरन्तरता तथा समाप्ति**

क) स्थानीय सरकारले गाउँसभाबाट बजेट विनियोजन भएको अवस्थामा विद्यालय अनुदान व्यवस्थापन सम्बन्धी कार्यक्रमहरु निरन्तर रुपमा सञ्चालन हुनेछ ।

ख) गाउँसभाबाट अनुदान रकम विनियोजन हुन नसकेको अवस्थामा यस कार्यविधिसँग सम्बन्धित सम्पूर्ण कार्यक्रमहरू सञ्चालन गरिने छैन। अनुदान निकासा हुन नसकेको खण्डमा विद्यालय शैक्षिक सुधारका कार्यक्रमहरू स्वत स्थगित भएको मानिनेछ।

ग) यस कार्यविधिमा उल्लेख नभएका विषयहरू प्रचलित ऐन नियम, लिम्चुङ्गबुङ गाउँपालिकाको शिक्षा ऐन नियमावली तथा कार्यपालिकाको निर्णय बमोजिम गरिएको निर्णय अन्तिम मानिनेछ ।

घ) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आइपरेमा गाउँ कार्यपालिकाले बाधा अड्काउ फुकाउन आवश्यक निर्णय लिन सक्नेछ ।

प्रकाशित मितिः २०८१/११/५

**आज्ञाले,**
तारा किरण राई
प्रमुख प्रशासकीय अधिकृत